# शाक्य राज्यको उत्थान र पतन



डा. केशवमान शाक्य

Downloaded from http://www.dhamma.digital

# शाक्य राज्यको उत्थान र पतन

**डा. केशवमान शाक्य**

ELOHAN PUBLICATIONS

सेतो दरबार, जमल, यें ।
फोन : ४२२०७३०, ४२२२९९७
फ्याक्स : ४२५५३७६
Email: elohanpublication@yahoo.com

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

■ **पुस्तक**

नाम - शाक्य राज्यको उठान र पतन

लेखक - डा. केशवमान शाक्य

आवरण - ईलोहं डेस्कटप

चित्र - अर्पिता शाक्य

© - प्रकाशक

■ **संस्करण**

तिथि - ११३२ चउला

प्रथम - १,००० प्रति

■ **प्रकाशक**

जमल, सेतोदरबार, काठमाडौं ।

पो.ब.नं. १७५६, फोन ४२२०७३०

*Email: elohanpublication@yahoo.com*

■ **छापाखाना**

प्रमोटिभ अफसेट वर्क्स, यें ।

९८५१०९९४७२

■ दोश्रो राष्ट्रिय शाक्य समाज, काठमाडौं अधिवेशनमा (मिति २०६८ चैत्र २७/२८) प्रतिनिधिहरूलाई निःशुल्क वितरण ।

Downloaded from http://www.dhamma.digital

# शाक्य राज्यको उत्थान र पतन

## कपिलबस्तु

इछ्वाकुवंशको कोशल राज्यको पुरानो राजधानी काशी हो । काशी नरेश ओक्काकका पाँच रानीहरु भृत्ता, चित्ता, जयन्ती, जालिनी र विशाखा । तिनीहरूबाट भएका चार छोराहरु ओक्कामुख, करकन्द, हत्थिनिका र सिनिपुरा हुन । पाँच छोरीहरु प्रिया, सुप्रिया, आनन्दा, विजिता र विजितसेना हुन । जेठी रानी भृत्ताको मृत्यु पश्चात राजाले अर्को रानी बिवाह गरी उनीबाट जन्मेका छोरा जयन्तुलाई राजा बनाउन अरु छोराछोरीहरूलाई निकाली दिए । तिनीहरु उत्तरतिरगई पहाड मुनी ऋषी कपिलमुनि तपस्या गरिरहेको शाल जंगल फडानी गरी कपिलवस्तु नामले वस्ती वसाले ।

सबैभन्दा ठूली दिदी प्रिया एकजनालाई आमाको स्थानमा राखी अरु दाजुभाई आफ्नी बहिनीहरूसित बिवाह गरी जन्मेका सन्तानहरूलाई शाक्यवंश भनिने गरियो । शाक्यवंशको जन्म नै कपिलवस्तु राज्यको जन्म हो । शाक्यमुनि बुद्धको समयमा कपिलवस्तु गणराज्यको रूपमा विकसित भईसकेको थियो । बौद्ध ग्रन्थहरूको अध्ययन गर्दा दक्षिणमा रहेको कोशल राजतन्त्र र कपिलवस्तु बिच केहि असमञ्जस्यता रहेको देखिन्छ । संयुक्तनिकायमा कोशल राजा प्रसेनजित पाँच राज्यका पनि प्रमुख राजा हुन भनिएको छ । अन्य राज्यहरूमा शाक्यहरूको कपिलवस्तु, कोलियहरूको कोलिग्राम (रामग्राम र देवदह), काशी, कालमाहरूको केशपुत्त र शेत्तव्य हुन । तर अन्य स्थानमा १६ वटा राजतन्त्र र १० वटा गणराज्यको उल्लेख भईरहेको छ । अंग, मगध, काशी, कोशल, वज्जि, मल्ल, चेदि, वत्स, कुरू, पञ्चाल, मत्स्य, सौरसेन, अस्मक, अवन्ति, गन्धार



Downloaded from http://www.dhamma.digital

र कम्बोज राजतन्त्र हुन ।

कपिलवस्तुका शाक्य, पावा र कुसीनाराका मल्ल, वैशाली (वृजि)को लिच्छवि, मिथिलाका विदेह, रामग्रामका कोलिय, अल्लकप्पका बुलि, केशपुत्तका कालाम, कलिंग पिपल्लिवनका मौर्य र सुम्सुमारगिरिका भग्ग संघराज्य हुन । यस समय कोसल राजतन्त्र शक्तिशाली हुदै आईरहेको देखिन्छ । कोशलराजा प्रसेनजित शाक्यमुनि बुद्धका नजिकका मित्र जस्तै हुन । समय समयमा बुद्ध कहां पुगेर धर्मदेशना सुन्ने, सल्लाह लिने गर`को देखिन्छ । साथै अनाथपिण्डिक महाजनले निर्माण गरिदिए को जेतवन विहार र विशाखा महाउपासिकाले निर्माण गरिदिए को पूर्वाराम विहारकोशल राजधानि श्रावस्तिमा रहेको र त्यहाँ २८ वटा वर्षावास बस्नु भएको कारण कोशलसित बुद्ध निक्कै नजिक रहेको द्रेखिन्छ । कपिलवस्तु कोशलको अधिनमा रहेको साथै प्रसेनजितले बुद्धको वंशज शाक्यका छोरी चेलीसित विवाह गरेर पारिवारीक सम्बन्ध बनाउने र त्यसबाट जन्मने राजकुमारलाई राजाको उत्तराधिकारी बनाउने ईच्छा गरेको देखिन्छ । विवाह हुँदा शाक्य जातको छोरी भनेर महानाम शाक्यको दासिको बासभखत्तिया (क्षत्रिया) लाई अन्मन्याई दिएको थियो । उनीबाट भएको राजकुमार विदुढव शक्तिशाली युवराज भए । एकदिन कपिलवस्तु मामाघर गएको बेला शाक्यहरूको दासिपुत्रीको छोरा भनी हेला गरी फर्किसकेपछि विदुढव बसेको आसन शुध्द गर्न दुधबाट धोइरहेको कुरा उन्ले थाहापाए । यस कुराले विदुढवले निकै अपमानित महसूस गरी एकदिन आफू राजा भएपछि शाक्यहरूको रगतले आफ्नो आसन धुने अठौट गरे । शाक्यहरूको जातीय अहंकारको बदला लिन विदुढव राजा भईसकेपछि कपिलवस्तुमा तिनपटक सम्म हमला गरे । दुईपटक सम्म बुद्ध आफै रोक्न



Downloaded from http://www.dhamma.digital

आएका थिए । तर तेश्रो पटक शाक्यहरूको कर्मको फल हो भनी छोडिदिए । फलस्वरूप शाक्य राज्य कपिलवस्तु ध्वस्त भए । शाक्यहरूको सैनिक केन्द्रमा ९९९० जना शाक्य सेनाहरूको वध भएको वर्णन चिनीया यात्री ह्वेनसांगको यात्रा विवरणमा लेखिएको छ । उक्त वध स्थललाई आजभोलि सगरहवा भनिन्छ । त्यहाँ लम्बुसागर भन्ने पोखरी छ, उक्त पोखरी शाक्यहरूको रगतले भरिएको थियो । जर्मनी पुरातत्वविद् फुहररको उत्खनन् प्रतिवेदनमा भेट्टिएको अस्तु रहेको १६ वटा चैत्यहरु शाक्य सेनापति र सैनिक अधिकारीहरूको हुनुपर्दछ भन्ने अनुमान गरिएको छ । कपिलवस्तु ध्वस्त गरिसेकपछि ५०० जना शाक्य कुमारीहरूलाई अपहरण गरेको रहेछ । शाक्य कुमारीहरूले दरवारमा विदुढवको रानी हुन नमानेको कारण कपिलवस्तुको सीमाना स्थलमा ल्याई तिनीहरूको वध गरेको कुरा पनि ह्वेनसांगले लेखेको छ । पछि त्यस स्थानमा विशाखा महाउपासिकाले ती शाक्य कुमारीको स्मृतिमा एउटा चैत्य बनाईन भनिएको छ । कपिलवस्तु ध्वस्त भएको केहि दिनपछि मगधका राजा अजातशत्रुले कोशलमा हमला गरेर बिदुढव र उन्का मंत्री अम्बरिसलाई जिउँदै जलाई हत्या गरीदिएका थिए ।

कपिलवस्तु ध्वस्त भईसकेपछि शाक्यहरु धेरै स्थानमा विस्थापित भए । एक समूह शाक्यहरु कपिलवस्तुको दक्षिणतिरलुकेर बसे । त्यस स्थानलाई पिप्पलिवन भनिन्छ । त्यस जंगलमा मोर पालेर बसिरहेकोले तिनीहरूलाई पछि मोरीय (मौर्य) भनिएको हो भनी इतिहासविद्हरूले लेखेको छ । मोर्यहरूले बुद्ध परिनिर्वाण भईसकेपछि 'हामी शाक्य हौं' भनी अस्थिधातु लिएरगई स्तूप बनाएको छ । आजभोलि पिपरहवा भन्ने स्थानमा भेट्टिएको स्तूप त्यही हुनुपर्छ । भारत सरकारले त्यस स्थानलाई नै कपिलवस्तु भनी राम्रोसंग विकास गरिराखेको छ । अलिक तल गणरिया भन्ने

Downloaded from http://www.dhamma.digital

स्थानमा एउटा विहारको भग्नावशेष भेट्टिएको छ । कपिलवस्तुको सीमानाबारे विभिन्न मत देखिन्छ । एक समूहका इतिहासकारहरुको भनाई अनुसार कपिलवस्तुको सीमाना उत्तरमा हिमाल, पूर्वमा रोहिणी नदी, पश्चिम र दक्षिणमा राप्ती नदी हो । बौद्ध ग्रन्थमा कपिलवस्तुको सीमाना पूर्वमा सदानीर नदी, पश्चिममा अचीरवती नदी पदर्छ भनिएको छ । ह्वेनसांगको यात्रा विवरण अनुवाद गर्ने सामुल विलको पाद टिपण्णीमा कपिलवस्तुको सीमाना पूर्वमा गण्डकी नदी, पश्चिममा घाग्रा (कर्णाली) नदी, दक्षिणमा यी दुई नदीको दोभान हो भनिएको छ । कपिलवस्तु भित्र उल्लेख भइ रहेको नगरहरु चातुमा, सामागाम, खोमदुस्स, सिलावति, मेदलुम्प, उलुम्प, सक्कर र देवदह हो । आजभोलि यी नगरहरु कहाँ कहाँ पर्दछ, खोज्नु आवश्यक छ ।

*कोलियग्राम*

कोसल नरेश ओक्काकको देश निकाला भएका राजकुमार र राजकुमारीहरूले कपिलवस्तु राज्य निर्माण गरिसकेपछि आमा सरह मान गरिराखेका ठूलो दिदी प्रियालाई कुष्ठरोगले छोयो । अरूलाई पनि त्यस रोग सर्छ भनी प्रियालाई रामग्रामको जंगलमा फालिराखेको थियो । त्यही जंगलमा बनारस (मगध अघिनमा)का राम नामक राजालाई पनि कुष्ठरोग लागेर त्यहाँ बस्न आएको रहेछ । त्यो राजा त्यहींको जगलको कोलरूखको फेदमा बसेका कारण रोग निको भएको रहेछ । राजा रामले एकदिन प्रियालाई देखेर उन्लाई पनि कोलरूख (कोइराला)को फेदिमा ल्याइ औषधी गरे । प्रिया पनि रोगबाट मुक्त भएपछि तिनीहरु बिच विवाह भई ३२ जना छोराछोरीहरु भए । तिनीहरूले देवदहलाई राजधानी बनाई रामग्राम नामले बस्ति बसाले । तिनका छोराछोरीहरूलाई



Downloaded from http://www.dhamma.digital

कपिलवस्तुका शाक्यहरूसित विवाह गरिदिए । कोल रूखको फेदिमा जन्मेर हुर्किएकाहरूलाई कोलिय भनिने गरियो । यसरी शाक्य र कोलियवंशको जन्म भएको हो । यसरी शाक्य र कोलिय बिच मामाका छोरा र फुफुका छोरी बिच विवाहको परंपरा चलेको हो । शाक्यमुनि बुद्धका आमाहरु मायादेवि र प्रजापति गौतमी कोलिय राजा डण्डपाणिका दिदी बहिनी हुन भने यशोधरा छोरी हुन । कोशल नरेश बिदुढवको हमलाले कोलियहरूपनि भाग्नु पऱ्यो । देवदहका कोलियहरु र कपिलबस्तुका शाक्यहरु मध्ये बुंद्धका आफन्तहरूको एक समूह नेपाल मण्डलमा भागेर आई कोलिग्राम नामले वस्ती बसाले । मूलसर्वास्तिवाद विनयसूत्र अनुसार बुद्धले आफन्त भेट्न आनन्दलाई नेपालमा पठाएको थियो ।

नेपालको इतिहासमा सबैभन्दा धेरै सन्दर्भको रूपमा प्रयोग गरिने गोपालराज वंशावलीमा उल्लेख भएको कोलिग्राम कपिलबस्तु ध्वस्त भईसकेपछि भागेका शाक्यहरूले बनाएको नेपाल मण्डलको सबैभन्दा पुराणो नगर हो जुन आजसम्मपनि जिवितै छ । आज सम्म काठमाडौं नगरलाई थःने (माथिल्लो टोल) र क्वःने (तल्लो टोल) भनेर दुईवटा जोडिएको नगरको रूपमा बुझीने गरेको छ । क्वःनेलाई दक्षिण कोलिग्राम र थःनेलाई उत्तरिकोलिग्राम भनिन्छ । यी नगरहरु विष्णुमती नदीको पूर्वी भूभागमा फैलिएको छ । दक्षिणमा टेकु दोभानदेखि मरूटोल सम्म पुरानोवस्ती दक्षिणकोलिग्राम हो । थापाथलिदेखि धोबीखोला सम्मको स्थानलाई आजसम्म पनि कुरियागां (कोलिग्राम) भन्ने गरिन्छ । कोलिग्रामका पूर्वी सीमाना धोबीखोला हो । मखनटोल र मरूटोलको बिच पहिला खुल्ला ठाउँ थियो । यहाँबाट थँबही सम्म उत्तर कोलिग्राम भनिन्छ । केळ टोल कोलिय टोल हो । किलागल भनेको कोलियगढ हो । पछि मल्ल राजाहरूले खुल्ला ठाउँमा राजदरवार र मन्दिर बनाई कान्तिपुरको



Downloaded from http://www.dhamma.digital

केन्द्र बनाए र थ:ने क्व:ने जोडिदिएको हो । मल्लहरूको राज दरवार क्षेत्रमा नै अंशुबर्माको कैलाशकूट भवन निर्माण भएको हुनुपर्दछ ।

भिक्षु आनन्द नेपाल मण्डलमा आएका समय यहाँ किरात राजा जितादरि्तले शासन गरिरहेको थियो । नेपाल मण्डलमा त्यस समय भेडा पालन गरिने र त्यसका ऊनका वस्तु उत्पादन हुने स्थान हो । कपिलबस्तु र देवदहका शाक्य र कोलियहरूले यहाँ आएर धानको खेतीगर्ने, कृषि कार्य शुरू गर्नुका साथै अनेक धातु, ढुंगा, काठ, कपडा, हात्तिको दन्त, पत्थरआदिका कलात्मक बस्तु बनाउने र खाद्य, फूल, चित्रकारी, ढकि, मिठाई आदि बनाउने शिल्पपनि भित्र्याएको हो । यिनीहरूको कारिगरी कार्यले गर्दा कपिलबस्तु निक्कै प्रसिद्ध रहेको कुरा राई डेविड्को अध्ययनले पुस्ति गर्दछ । यसरी भेडा चराउने नेपाल मण्डललाई एक कौशल र शिपले युक्त नगरमा विकास गरेकोले किरात राजाहरूले शाक्यहरूलाई स्वागत गरेका थिए । किराती र शाक्य मिसिएर खेतीगर्नेहरु ज्यापु र धातु, ढुंगा, काठ, चित्रकारी, फूल आदि कामगर्नेहरूलाई ताम्रकार, कंसाकार, नक:मि, सिँक:मि, शिल्पकार, पुँ, गथु आदि विभिन्न समाजहरूमा रूपान्तरभएको हो । विहार बनाई भिक्षु भएर धर्म, संस्कृति, कला र सभ्यता परिचालन र संरक्षण गर्नेहरूले आफूहरूलाई शाक्य भन्ने गरियो ।

सम्राट अशोकको समय यहाँ मज्झिम थेरको टोलीसंगै छोरी चारूमति नेपाल मण्डलमा आईन । कुनै किम्बदन्तिमा त्यस समय सम्राट अशोक पनि यहाँ आएको भनिएको छ । चारूमतिको विवाह यहाँका एक क्षेत्रिय कुमार धर्मपालसित भई तिनीहरूले देवपत्तन नामक एक नगर बसाले भनिएको छ । उक्त समय सम्म नेपाल मण्डलभित्र आफूलाई क्षत्रिय भन्ने शाक्यहरु मात्र भएकोले देवपाल



Downloaded from http://www.dhamma.digital

कुमार शाक्य नै हुनुपर्दछ । अशोक आफै शाक्यवंशी भएकोले देवपाल शाक्यसित चारूमतिको विवाह हुनु स्वाभाविक हो । त्यस समय यहां किरात राजा स्थुंकोको शासन चलिरहेको थियो । पछि किरातहरूको दरबार पतुक ढिस्कोको चार दिशामा चारवटा अशोक स्तुप निर्माण गरेर अशोकपत्तन नामक नगर निर्माण भई शाक्यहरूको बस्ती बिस्तार भयो । पछि तिनीहरु प्रवजित भई चारूमतिको नाममा धन्दोचैत्य सहितको चारूमति विहारपनि निर्माण भयो ।

लिच्छविहरूको शासनकालमा नेपाल मण्डलमा बुद्ध धर्मको निक्कै विकास भयो । प्रचुरमात्रामा ठूल ठूला विहारहरु निर्माण भयो । बृषदेवले स्वयम्भू चैत्य र गुं विहार, धर्मदेवले खास्ति स्तुप, मानदेवले श्रीमान विहारनिर्माण गरे । अंशुबर्माको एक अभिलेखमा राज्यले सबैभन्दा बढी कोष दिने सूचीमा चांगुनारायण र पशुपति दुईवटा हो भने अरु पांचवटा बौद्ध विहारहरु गुं विहार, श्रीमान विहार, श्रीराज विहार, खर्जुरिका विहार र मध्यमा विहार हुन । त्यस अभिलेखमा उल्लेख भईरहेका अन्य विहारहरु शिवदेव विहार, आजिका विहार, अभयरूचि विहार, चतुर भलातन विहार, महाप्रतिहार विहार, वर्तकल्याण विहार हुन । लिच्छवि शासनकाल बुद्ध धर्मको स्वर्णकाल हो । लिच्छवि कालको अन्ततिर शंकरार्चायले धेरै बाहुनहरु साथमा ल्याइ नेपाल मण्डल प्रवेश गरे । शास्त्रार्थको नाममा शाक्य महापंडित अमरबांडा (बन्द्य)लाई मारेर बैशालि नगरका विहारहरु र धर्मग्रन्थहरु जलाइदिए । यसरी ध्वस्त गरिएको प्रतिकार स्वरूप शाक्यहरूले १००० जना बाहुनहरूको हत्या गरेर तिनीहरूको जनै संकलन गरेर माटाको भाडामा राखी गाडेको ठाउँ क्वःन्ति हो भने हिरण्यवर्ण महाविहारभित्र छिर्ने प्रवेशद्वार मुनि शंकराचार्यको मृत शरीर गाडेको भन्ने किम्बदन्ति छ । त्यसकारण



Downloaded from http://www.dhamma.digital

बाहुनहरु हिरण्यवर्ण महाविहारमा शंकराचार्यको लाश कुल्चिनु पर्ला भनेर भित्र जान्दैनन् भनिन्छ ।

नेपाल सम्वत् नेपालमा लिच्छवि शासनको अन्त भई शुरू भएको सम्वत् हो । जयस्थिति मल्ल राजा हुन अघि ४०० वर्षको समय नेपालको इतिहासको अस्पष्ट कालखण्ड भनिन्छ । नेपाल सम्वत् शुरू भई केही समय यहाँ बैश्य ठकुरीहरूले (कर्णालिका बाइसे राज्यका ठकुरी) शासन गरे । बैश्य ठकुरीहरु पनि बौद्ध नै हुन । पछि भारतमा मुस्लमानहरूको हमलाले भागेर आएका कर्णाटवंशी नान्यदेव, त्यसपछि सिमरौनगढका हरिसिंहदेव, अनि पछि जयस्थिति मल्लको राज्यकाल शुरू भयो । हरिसिंहदेवले गढिमाईको तुलजा भवानी नेपाल मण्डलमा भित्र्याई पशु बलि र शाक्त सम्प्रदायलाई राजकीय धर्म संस्कृतिअनुसार मान्यता दिने शुरू गरियो भने जयस्थिति मल्लले नेवारहरूलाई ६४ जातमा विभाजन गरेर हिन्दु धर्म अपनाउन लगाई थकुरी, बाहुन र श्रेष्ठहरूलाई उच्च जातको मान्यता दिए । अन्य बौद्ध धर्मावलम्बी शाक्य, तुलाधर, ज्यापुहरूलाई मध्यम जात र आदिधर्मावलम्बी खड्गी, द्योलाहरूलाई तल्लो जातको रूपमा मान्यता दिएर सामाजिक नियम बनाएको हो । लिच्छवि अस्टराजकुललाई च्याम्हखलः भनी सबैभन्दा तल्लो जात दिई मल्ल राजाका राजदरवारमा बढार्ने काम गराए ।

लिच्छविकाल पश्चात शाक्यहरूले बज्रयान अपनाएर बहाबहीललाई गोप्य गरी धर्म संस्कृतिको संरक्षण गरिरहे । विहारका सदस्यता जन्मका आधारमा मात्रै दिने नियम बन्यो । त्यसकारण थँबहीका प्रधानहरु बाहेक शाक्य र बज्राचार्यहरूको मात्र विहार बांकी रहे । कतै कतै अन्य जातका पनि विहारहरु नभएको होइन, जस्तो पाटनको बखुंबहा कायस्थहरूको हो, तर तिनीहरूको चुडाकर्म र विहारका बिधि संचालन गर्ने कुनै संस्कार बांकी रहेन ।



Downloaded from http://www.dhamma.digital

मल्लहरूको अन्तिम राजा जयप्रकाशले लगनबहालको एकजना शाक्य भारोको छोरी विवाह गरेर उनीबाट जन्मेका राजकुमारहरु लाई न्हायकं बही बनाई चुडाकर्म गरेर शाक्य बनाईं दिएंका हुन । राजा जयप्रकाशको पालामा शाक्यहरूको छोराछोरीहरूलाई जीवित कुमारी, गणेश र भैरबको रूपमा राजकीय मान्यता दिएर दुईवटा उद्देश्य पुरा गरेको देखिन्छ । एक सामाजिक रूपमा शक्तिशालि शाक्यहरूलाई राजकीय सम्मान दिएर आफ्नो शक्ति बलियो पार्नु हो । अर्को बौद्ध शाक्यहरूलाई नै कुमारी, गंणेश र भैरब बनाई शाक्त धर्ममा समायोजन गर्नु हो । यसको पछाडि राजनैतिक उद्देश्य पनि छ ।

त्यस समय गोरंखाका राजा पृथ्वीनारायण शाहले नेपाल मण्डलमा हमला गर्न लाग्यो र भक्तपुरका राजा रणजित मल्लले आफ्ना छोरासित मित लगाए भने ललितपुरका प्रधानहरूले पृथ्वीनारायणका भाईलाई नै राजा बनाइ सत्ता चलाए । आफ्ना जातविरादरीहरूले धोखा दिएकोले जयप्रकाशले शक्तिशालि शाक्यहरूको साथ लिएको हो । तर जयप्रकाश कुमारी जात्राका दिन नै राज्य छोडर भाग्न विवश भए । पृथ्वीनारायण शाहले कुमारीलाई ढोग गरेर कुमारी जात्रा यथावत अधि बढाउन दिएतापनि सम्यक पर्वमा भने शाक्यहरूले पृथ्वीनारायणलाई राजाको रूपमा मान्यता नदिइ सम्यक नमनाई बसेका थिए । पृथ्वीनायरायणले शाक्यहरूका थायपाहरु (थापा)लाई पक्रेर लगी जरिवाना समेत गरेर सम्यक् मनाउन कर लगाए । साथै १२ वर्षमा एकपटक कुमारीसित खड्ग साटेर परम्परागत शासनसत्ताको वैधानिकतालाई शाहवंशले कायम गरे । यसरी पृथ्वीनारायण राजा भईसकेर पनि शाक्यहरूको राजकीय सम्मान यथावत कायम रहे । आज गणतन्त्र आईसक्दापनि राष्ट्रपतिले राजाको भूमिका खेलीरहेको छ ।



Downloaded from http://www.dhamma.digital

*कलिंग रश्रीलंका*

कोशल राजा विदुढवले कपिलबस्तु नाश गरिसकेपछि राजा अमृतोदन आफ्नां घरपरिवारसंगै मगध राज्यका राजा अजातशत्रुको स्थानमा शरण लिन पुगे । पछि अमृतोदन कलिंगमा गई राजा भए भनि श्रीलंकाका महावंश र दीपवंश नामक वंशावलीमा लेखिएको छ । वंशावलीमा लेखिएअनुसार अमृतोदनले कलिंगमा राज्य गरिरहेको राजालाई हमला गरेको बेळा राजकुमार विजय डुंगामा बसी श्रीलंकामा भागे । वंशावली अनुसार विजयका आमा कलिंगका राजकुमारी हुन । उनी राजकुमारीलाई एकजना सिंहले अपहरण गरी लगे । विजय सिंहबाट भएको राजकुमार हुन । जंगलबाट भागेर आएपछि कलिंगका राजाले नै राजकुमारको रुपमा पालिराखेको थियो ।

श्रीलंकाको वंशावलीमा लेखिए अनुसार शाक्यमुनि बुध्द परिनिर्वाण भएका दिन जम्बुद्वीपबाट बुबा सिंह र आमा र राजकुमारीबाट भएका राजकुमार विजय आफ्ना सेना सहित भागेर श्रीलंका पुगे को रहेछ । श्रीलंकामा हमला गरेर त्यहाँ रहेका यक्षहरुको राज्य खोसेर लिए । त्यहाँ नै रहेका यक्षणी राजकुमारी कुवेनीसित विवाह गरेर सिंहको छोरा भएको कारण सिंहलवंशको नाममा राज्य खडा गरे । तिनीहरुको आफ्ना सन्तान नभएकोले भाइ सुमिथका छोरा पाण्डु बासुदेवलाई ल्याएर राज्यका उत्तराधिकारी बनाए । कलिंगमा शाक्य राज्य खडा गरिसेकपछि अमृतोदन पछि छोरा पाण्डु शाक्य राजा भए । पाण्डु बासुदेवको विवाह गर्ने समय भएपछि कलिंगका शाक्य राजा पाण्डु शाक्यका छोरी भद्दकच्चायनि माग्न पठाए । विवाह गरेर भद्दकच्चायनि श्रीलंका गएपछि भाइहरु दिर्घायु, रोहण, विजित र अनुराधाहरुलाई संगै लगेका थिए । भाइहरु त्यहाँ पुगी श्रीलंकामा आफ्ना नामबाट रोहणा, बिजितपुरा, दिघवापि



Downloaded from http://www.dhamma.digital

र अनुराधापुर नामक नगरनिर्माण गरेर बरोबारा गरे भने भद् दकच्चायनि र पाण्डु बासुदेवहरु उपतिस्सगाम नामक स्थानबाट शासन चलाए ।

भद्दकच्चायनि र पाण्डु बासुदेवहरुबाट नौ छोरा र एक छोरी जन्मे । छोरीको नाम चित्रा राखे, तर उनी असाध्यै राम्री भएकीले उन्मदाचित्रा नामबाट प्रसिद्ध भइन । उनी छोरीलाई लिएर ज्योतिषहरुले एक भविष्यवाणी पनि गरे कि चित्राबाट जन्मिने छोराले आफ्ना सबै मामाहरुको हत्या गरेर श्रीलंकाको राजा बन्नेछ । यस भविष्यवाणी सुनेर चित्राको हत्या गर्ने कुरा आए । तर सबैभन्दा ठूला दाजु अभय राजकुमारले चित्रालाई कोही मानिस नभएको ठाउँमा लगेर लालन पालन गर्ने र कसैसित पनि विवाह गरि नदिने प्रस्ताव राखे । अनि सुरक्षाको लागि कालदेवल र चित्ररञ्जन भन्ने दुईजनालाई पालो राखे । त्यस समय राजकुमार दिर्घायुका छोरा दिघगामिनि राजाको राजदरवारमा खतेका रहेछ । आफ्नो फुफुको छोरी चित्राको सौन्दर्य बारे सुनीसकेपछि आफ्नो मन बाध्न सकेन । अनेक प्रयत्न गरेर चित्रासित भेटे । देख्नासाथ दुबैको प्रेम भयो । तिनीहरुबाट पाण्डुकाभय नामक छोरा भए । मामाहरुले त्यस बालकको हत्या गर्लान भनेर पाण्डुकाभयलाई कसैले थाहा नहुने गरी डोरमाण्डलवा भन्ने स्थानमा लुकाइ राखे । पछि पाण्डुकाभय तरूण भईसकेपछि आफ्ना बिरोध गर्ने मामाहरु सबैको हत्या गरेर अनुराधापुरमा पहिलो राजतन्त्र खडा गरे । बचेका दुई मामाहरु अभय र गिरीखण्डसिव हुन । पाण्डुकाभयले गिरीखण्डसिवका छोरी स्वर्णपालिसित विवाह गरे । तिनीहरुबाट मुतासिव नामक छोरा भयो भने मुतासिवका छोरा देवनामपिय तिस्स हुन । देवनामपियतिस्स राजा भईरहेको बेला भारतको राजा अशोकले छोरा महिन्द र छोरी संघमित्राको धर्मदूत मण्डल श्रीलंका



Downloaded from http://www.dhamma.digital

पुगेको थियो ।

यसरी कलिंग र श्रीलंकामा कपिलवस्तुबाट भागी आएका अमृतोदनका सन्तानहरूबाट शाक्य राज्यहरु बिस्तार भए । पछि भारतमा बुध्द धर्म बिरोधीहरूबाट सुरक्षा गर्न कलिंगमा रहेको बुध्दको दन्त कलिंगका राजा गुहासिवले राजकुमारदण्ड र राजकुमारी हेममालासित श्रीलंकामा पठाएको हो । त्यसबेला श्रीलंकामा राजा मेघवण्णले शासन गरिरहेको थियो । श्रीलंकामा पठाउन अधि उक्त दन्त धातुलाई एउटा विशाल मन्दीर बनाई पुजा गरिराखेको थियो । उक्त मन्दिरनै आजभोलि पुरी भनिने नगरमा रहेको जगन्नाथ मन्दीर हो । जगन्नाथ मन्दिर पहिला बौध्द मन्दिर हो । यो पुरी भन्ने नगरप्राचीन कलिंगका राजधानी दन्तपुर हुन ।

***चम्पा, मणिपुर, बर्मा, बंगलादेश***

श्रीलंकाका अलावा चट्टगाम, आरकान र मणिपुरमा शाक्यहरु गएर शासन गर्न आएको कुरा त्यहांका वंशावली र किम्बदन्तीमा वर्णन गरिएको छ । आजभोलि बंगलादेशको चट्टगाममा (चैत्यग्राम) रहेका चक्माहरूको उत्पती बारे विभिन्न कुराहरु सुन्नमा आउँछ । चक्माहरूको विश्वास अनुसार तिनका पूर्खा हिमालय पर्वतबाट कलाप नामक एक नगरबाट आएका हुन । कलाप नगर भनेको कपिलबस्तुको अप्रभंस हो । बर्माका राज वंशावली अनुसार कपिलबस्तुका शाक्यवंशका राजकुमार अभिराज बुध्द जन्म हुनु धेरै वर्ष अधि ई.पू. ८२३ सालमा सांसारथ भनिने उत्तरआर्कानमा आई धान्यावति भन्ने नगरबनाई शाक्य राज्य स्थापना गरे । पछि तिनीहरूले आफ्ना राज्य चट्टगाम सम्म बिस्तार गरेर बस्न आई सकेपछि चक्मा जातिका नामले आजभोली परिचय दिईरहेको छ । बर्माको अर्को वंशावलीमा कपिलबस्तुको शाक्यवंशको धजराजा



Downloaded from http://www.dhamma.digital

नामक राजा ई.पू. ५५० सालमा मणीपुरका राजा भए । पछि उत्तरबर्माका टगाउं जसलाई पागान (आजभोलि बागान) भनिन्छ, हमला गरेर जितेर आफ्ना राज्य विस्तार गरे ।

चक्माहरूको विश्वास अनुसार तिनीहरूका पूर्खा चट्टगाम पुग्न अघि तिनीहरु चम्पानगरमा (चम्पापूर) रहेका शाक्यवंशका राजाहरूका सन्तानहरु हुन । चम्पानगरका (अंग देश) शाक्यवंशका राजाका दुई छोराहरु विजयगिरी र उदयगिरी हुन । दाजु विजयगिरी दक्षिणतिर हमला गर्दै त्रिपुरा, आर्कान र कुकि राज्यसम्म विजय गरे । त्यसबेला चम्पानगरका राजा आफ्ना बाबुको देहान्त भएको खबर सुनेर चम्पानगर फर्केर आए । तर भाई उदयगिरीले षडयन्त्र गरेर चम्पानगरको राजगद्दिमा बसर दाजुलाई राज्यबाट निष्काशन गर्ने प्रयास गरे । दाजु विजयगिरी आफैले जितेका भूभागमा फर्केर राज्य गर्न गए । विजयगिरी र उनका सैनिकहरूले त्यहिं रहेका स्थानीय महिलाहरुसित विवाह गरे । आर्कानका राजालाई हातमा लिई नाफ भन्ने नदी किनारमा बसेर राज्य गरे । पछि तिनीहरु मातामुनि र कर्णफुलि नदीका उपत्यकामा आएर चक्मा जातिको रूपमा पहिचान दिएर आज सम्म पनि जीवनयापन गरिरहेको छ । शाक्यवंशीय राजा विजयगिरीका सैनिकहरूले थाक् जातिका स्थानीय महिलाहरुसित विवाह गर्नेहरूलाई स्थानिय भाषामा त्साक्, शाक् वा थाक् भन्ने गरियो भने पछि स्थानान्तर भई तिनीहरूलाई त्साक्मा, शाक्मा वा थाक्मा भन्दै चाक्मा, र आजभोलि चक्मा हुन गएको हो ।

### *पिप्पलिवन, मोरीयनगर, मगध*

सम्राट अशोकका बाजे चन्द्रगुप्त मौर्य कुन वंशको हो भन्ने बारे धेरै अनुसन्धान भईसकेको छ । धेरैजसो इतिहासकारहरूले



Downloaded from http://www.dhamma.digital

मौर्य वंश भनेको बिडुढवका नरसंहारबाट बच्न कपिलबस्तुबाट भागेर आई मुजूरपाल्ने एउटा गाउँमा लुकेर बसेका शाक्यवशीहरु हुन भन्ने भनाई छ । पछि त्यस स्थानको नाम मोरनगर र तिनीहरूलाई मौर्यवंशी भनियो । महापरिनिर्वाण सूत्रमा बुध्दका अस्थिधातु लिन मौर्यहरु कुशिनगरमा आएको बेला अस्थिधातु आठ भागमा विभाजन गरेर बांडीसकेकोले जमीनमा रहेको खरानी भएपनि जम्मा गरेर मोरनगरमा स्तूप बनाए । यो मोरनगर कहाँ पर्दछ भन्नेबारे अनुसन्धान भइ रहेको छ । आजभोलि गोरखपुरका आसपासमा नै रहेको उपधौलि भन्ने स्थान नै मोरनगर हुनुपर्दछ भन्ने अन्दाज गरेर भारत सरकारले पुरातात्विक उत्खनन गरिरहेको छ । यस लेखकको अनुसार हालको बीरगंज मोरनगर हुन सक्दछ र त्यहाँको भिसुवा स्तुप नै बुद्धको अंगार स्तुप हुनसक्छ ।

चन्द्रगुप्त मौर्य पेटमा रहँदाको समय मोरनगरमा हमला भयो । मोरनगरका प्रमुखको पत्नी चन्द्रगुप्तका आमा आफ्नो र बच्चाको ज्यान बचाउन भागेर पातलिपुत्रमा शरण लिन पुगे । पातलिपुत्रमा नन्दवंशी मगधराज घनानन्द राजा भईरहेको थियो । पातलिपुत्रका एक नन्द परिवारले गुप्तरूपमा शरण दिएर एक गोठालोको घरमा पालीराखेकोले त्यस बालकको नाम चन्द्रगुप्त मौर्य भएको हो भने उनलाई नन्द राजाका छोरा भनेर पनि कतै कतै उल्लेख गरिएको छ । त्यस नन्दले चन्द्रगुप्तलाई तक्षशिलामा अध्ययन गर्न पठाएको हो । त्यहिं नै चाणक्य नामका नास्तिक ब्राम्हण (कौटिल्य) गुरूसित चन्द्रगुप्तको परिचय भएको हो । भारतमा बिद्यमान स-साना राज्यहरु समाहित गरेर एक शक्तिशाली भारत साम्राज्य खडा गरेर यूनानका महासम्राट सिकण्डरको राज्य बिस्तारलाई रोक्ने परिकल्पना गरिरहेको चाणक्यले चन्द्रगुप्त मौर्य एक लायक व्यक्तित्व देखे ।



Downloaded from http://www.dhamma.digital

सिकण्डरसित लडाई गर्न चाणक्य र चन्द्रगुप्त मगधको राजा घनानन्दको स्थानमा छलफल गर्न गएको बेला तिनीहरूलाई अपमान गरेर पठाए । चाणक्यको योजना अनुसार पर्वतराज र अन्य स-साना राज्यका राजाहरूलाई हातमा लिएर सिकण्डरको सेनासित लडाई गरे । लडाई भईरहेको बेला सिकण्डरको मृत्यु भयो भने उनका उत्तराधिकारी सेलुकसलाई हराए । विशाल भारतको निर्माणमा मगधराजा बाधा भएकोले पछि मगधमा हमला गरेर नन्दवंशलाई नै च्यूत गरे । ईशापूर्व ३२१ मा चन्द्रगुप्त मौर्य विशाल भारतका प्रथम सम्राट भए । चन्द्रगुप्तको विवाह पनि शाक्यवंशका आफ्नै मामाको छोरीसित भएको भनिएको छ । सम्राट अशोक चन्द्रगुप्तका नाती हुन । श्रीलंकाको वंशावली सारथदीपनिमा राजा बिन्दुसारका रानी अशोकको आमा धर्मादेवी पनि शाक्यवंशी हुन भनि लेखिएको छ । कतै कतै लेखिए अनुसार चन्द्रगुप्तले बुढेश कालमा छोरा बिन्दुसारलाई राज्य दिएर आफू जैन भिक्षु भई देहवसान भए । राजा बिन्दुसार आजिवकहरूका शिष्य भए । तर आफू अवन्ति राज्यका उपराज भएको बेला विवाह गरेका बिदीशाको शाक्य देवीको प्रभावबाट अशोक बुद्ध धर्मसित परिचित भएको हो । कलिंगको युद्धमा लाखौ मानिसहरु मृत्यु भएको र घाइते भएको देखर विरक्त भईरहेको बेला निग्रोध श्रामणरशान्त स्वभावमा भिक्षाटन आएको देखर प्रभावित भएको हो । पछि निग्रोध श्रामणेरका गुरू भिक्षु उपगुप्तको निर्देशनमा आफ्नो साम्राज्य भरेर छरछिमेक देशमा धर्मदूतहरु पठाई बुद्ध धर्मको प्रचारगर्नुका साथै बुद्धको अस्थिधातु राखेर ८४००० स्तूपहरु निर्माण गरे ।

श्रीलंका र नेपालमा आफ्नै छोराछारीहरूलाई धर्मदूत बनाई पठाएको हो । मौर्यवंशका शासन १३७ वर्ष सम्म चले ।



Downloaded from http://www.dhamma.digital

चन्द्रगुप्तले २५ वर्ष, बिन्दुसारले २५ वर्ष राज्य गरे भने अशोकले ३५ वर्ष राज्य गरे । अशोक पछि को मौर्यवंशी राजाभए भन्ने कुरामा विभिन्न ग्रन्थमा विविध किसिममा लेखिएको छ । तर पातलिपुत्रमा राजा हुनेहरूको नामसुची अनुसार दशरथ ८ वर्ष, सम्प्रति ९ वर्ष, सालिसुख १३ वर्ष, देवबर्मन ७ वर्ष, सतधन्व ८ वर्ष र अन्तिम मौर्य राजा बृहदरथ ७ वर्ष देखिन्छ । बृहदरथलाई आफ्नै सेनाध्यक्ष पुष्यमित्रसुंगले हत्या गरेर राज्य हड्पे पछि मौर्यवंशको शासन पनि अन्त भयो । पुष्यमित्र ब्राम्हण भएको र साथै बुद्धधर्मको बिरोधी भएकोले धेरै विहार र स्तूपहरु ध्वस्त गर्नुका साथै धेरै बौद्धहरूको हत्या गरे ।

***बिदिशा***

. सम्राट अशोक १८ वर्षको हुँदा नै राजा बिन्दुसारले उज्जैन र अवन्ति देशका उपराजका (Vice-Roy) पदमा खटाएर पठाए । पातलिपुत्रबाट उज्जैन गएको बेला बिदिशा नगरमा (आजभोलि बेशनगर) शाक्यवंशका एक सेठको छोरी देवीसित भेट भयो । त्यहीं तिनीहरूको विवाह भयो । तिनीहरूबाट महिन्द्र नामक छोरा र संघमित्रा नामक छोरी जन्मियो । पछि अशोक पातलिपुत्रमा फर्केर गईसकेपछि पनि देवी बिदिशामा बसीरहिन । देवी महारानी नभई भिक्षुनी भइन । सम्राट अशोकले सबैभन्दा पहिलो चैत्य बिदिशाको एक पहाडको शिखरमा निर्माण गरेको हो । त्यस पहाडलाई बिदिशागिरी भनिन्छ भने त्यस चैत्यलाई आजभोलि सांची स्तूप भनिन्छ । आमा देवीको प्रेरणाबाट आमा बसिरहेको बिदिशागिरी बिहारमा महिन्द्र (२० वर्ष) रसंघमित्रा (१९ वर्ष) भिक्षु र भिक्षुनीमा प्रवजित भए ।

कलिंगको युध्द पश्चात सम्राट अशोकले शस्त्र परित्याग गरेर



Downloaded from http://www.dhamma.digital

बुद्ध धर्मको प्रचारमा समर्पित भए । आफ्ना छोराछोरीहरूलाई नै धर्मदूत बनाएर भारत भर र छरछिमेक देशहरूमा पनि बुद्ध धर्म प्रचार गर्न पठाए । श्रीलंकाका दूत मण्डलको नेतृत्व युवराज भिक्षु महिन्दले लिए । श्रीलंका जान अघि महिन्द्र बिदिशामा बर्षावास बसेको भनि लेखिएको छ । त्यसबेला महिन्द्र ३२ वर्षको भयो भने श्रीलंकामा देवनामपियतिस्स राजा भईसक्यो । श्रीलंका पुगरराजा देवनामपियतिस्सलाई धर्ममा राम्ररी प्रतिस्थित गरिसकेपछि रानी अनूलासंगै धेरै उपासिकाहरु पनि भिक्षुनी हुने इच्छा गरेकोले भिक्षुनी संघमित्रालाई पनि श्रीलंकामा झिकाए । सम्राट अशोकले भिक्षुनी छोरी संघमित्राका साथै बोधिवृक्षको हांगा एउटा पनि पठाईदिए । त्यस बोधिवृक्षलाई अनुराधापुरको महामेघ बगैंचामा रोपि राखेको छ ।

### *वामियान, उड्यान, हिमतल, शाम्भि*

ह्वेनसांगको यात्रा वर्णनमा लेखिए अनुसार कपिलबस्तु राज्यमा बिड्ुढवले हमला गर्दा खेतमा काम गरिरहेका चारजना शाक्यहरूले रोकेका थिए । तर राज्यले तिनीहरूलाई उत्साहित नगरेपछि तिनीहरु उत्तरतिर हिमवन्तमा बस्न गए । ती चारजनाले चारवटा राज्य स्थापना गरे । ती राज्यहरु हुन - वामियान, उड्यान, हिमतल र शाम्भि । यी राज्यहरु आजभोलि अफगानिस्तान (गान्धार), पाकिस्तान (काश्मिर) र चीनको भूभागमा (तुखार) फैलिएको छ । वामियान भन्ने उपत्यका अफगानिस्तानको राजधानी काबुलबाट २४० किमी उत्तरपश्चिममा पर्दछ । यस उपत्यका समुद्रि सतह भन्दा ८,२०० फिट माथि पर्छ । यस उपत्यकाको उत्तरपूर्वको ठूलो ढुंगाको पहाड छ । सन् ६३० मा वामियान पुगेका चिनीया यात्री ह्वेनशांगको वर्णनमा यही शिलाको भित्तामा विश्वका प्रख्यात



Downloaded from http://www.dhamma.digital

र ठूला तीन बुद्ध खोपेर राखेको हो । सन् २००१ मार्च महिनामा ओसामाबिन लादेनका सेना तालिवानले बिस्फोट गरेर दुई उभिएका बुद्ध मूर्ति ध्वस्त गरिदिएको हो । एक १८० फिटको बुद्ध विश्वकै सबैभन्दा अग्लो सन् ५५४ मा निर्माण सम्पन्न भएको दीपंकर हुन । अर्को सन् ५०७ मा निर्माण भएको १२० फिटको शाक्यमुनि बुद्ध हुन । अर्को एक सुतिरहेको १००० फिटको बुद्धका मूति बारे पनि उल्लेख छ । सन् २००८ तिर पुरातात्त्विक अन्वेषणका लागि उत्खंनन् गर्दा ६२ फिटको सुतिरहेको बुद्ध भेट्टिएको हो । ह्वेनशांगको वर्णनमा यी बुद्धहरूलाई सुनको र अमूल्य पत्थरका गहनाहरूले सजाइएको थियो । त्यसबेला वामियानमा बौद्धहरूको निकै चहल पहल थियो । त्यहां दशवटा भन्दा बढी लोकुत्तरवादी हीनयानका विहार र एकहजार भन्दा बढी भिक्षुहरु थियो भनेर लेखिएको थियो । सन् २००८ को पुरातात्त्विक अन्वेषणमा भेट्टिएका भित्ताहरूमा लेखिएका तेलि रंगिन चित्रहरु संसारकै पुरानो तैलचित्रहरु हुन भनिएको छ । वामियान कुशान साम्राज्यको एक महत्वपूर्ण नगर हो । यस नगर रेशम मार्गको चीन र मध्यपूर्वका चौबाटो पनि हो । यूनानका सम्राट सिकण्द र गान्धारले बाक्ट्रिया गएको समय वामियान भएरनै गएको हो । ह्वेनशांग वामियान पुग्दा त्यहां शाक्यवंशका राजाले शासन गरिरहेको थियो ।

उड्यान (उज्भान) राज्य उपत्यका र पहाडले सजिएको फूल फुलिरहेको बगैंचा जस्तै सुन्दर रहेकोले यो नाम रहन गएको हो । उड्यान पेशावरको (पुरूषपूर) उत्तरमा स्वात नदीको किनारमा पर्दछ । स्वात नदीको नाम त्यस समय शुभबस्तु वा शुबस्तु हो । ह्वेनशांगको वर्णन अध्ययन गर्दा उड्यानको क्षेत्र हिन्दकुश पर्वतको दक्षिण र चित्रालदेखि सिन्धु नदी सम्मको दरद राज्य को भूभाग पनि पर्दछ । सन् ५१८ तिर शुंगयुनको बर्णन अनुसार



Downloaded from http://www.dhamma.digital

उड्यान राज्यको सीमाना उत्तरमा शुंगलिंग पर्वत र दक्षिणमा भारत पर्दछ । सन् ४०० तिर फाहियान त्यहां पुग्दा उड्यान बुद्ध धर्मको एक गतिशील केन्द्र थियो । त्यहांको स्थानीय किम्बदन्ति अनुसार विस्सन्तर उड्यान देशको राजकुमार हुन । त्यहां ५०० विहारमा हिनयान भिक्षुहरु छन्, तर सन् ६३० तिर ह्वेनशांगले भने स्वात नदीको दायांबाया १४०० विहारहरु सबै ध्वस्त भएर खण्डहर भइरहेको देखे । सन् ४२० तिर मिहरिकुलले हमला गरेर बौद्ध सम्पदाहरु नष्ट गरेको हुंनुपर्दछ । ह्वेनशागको समयमा उड्यान क्षेत्रमा रहेका भिक्षुहरु महायानी हुन । पछि यही नगरहरा भन्ने राजधानी रहेका शाक्यवंशी राजा इन्द्रभूतिका छोरा राजकाज छोडी पद्मसंभव नामका धर्मगुरू भए । तिब्बत जानुअधि पद्मसंभव नेपाल मण्डलमा आएर फर्पिंगमा ध्यान बसिरहेको थियो । त्यसबेला शाक्यका छोरी एकजना बिवाह गरेर बज्रदेवी शक्तिको रुपमा स्थापना गरेको हो । त्यही शाक्य देवीको अवतार काठमाडौंको कुमारी माजु हुन । कुमारी नेपालका राजाहरुका ईष्ट देवी र राष्ट्रका संरक्षिका हुन ।

शुंगयुनको वर्णनमा उड्यानका राजा कपिलबस्तुबाट भागेर आएका शाक्यवंशी हुन भनिएको छ भने ह्वेनशांगको वर्णनमा पनि यस कुराको विशेष रुपमा ब्याख्या गरिएको छ । कपिलबस्तु छोडर आएका चारजना शाक्यहरु मध्ये एकजना राजा भए भनि किम्बदन्ति ह्वेनशांगले यात्रा वर्णनमा लेखेको छ । त्यस शाक्य राजकुमार हिड्दै गर्दा थाकेर एक स्थानमा आराम गरिरहेको बेला त्यहां जंगली राजहंस आएर उडाएर लगी एक पोखरी छेउमा पुऱ्याए । त्यस पोखरी किनारमा एक नागकन्या पनि आएको रहेछ । नागकन्या उक्त शाक्य कुमार देखर आकर्षित भइन । नागकन्या एक यौवनाको भेषमा रुपान्तर भई शाक्य



Downloaded from http://www.dhamma.digital

कुमारलाई उनी को हुन भनेर सोधनी गर्दा उनले आफ्नो परिचय दिए । नागकन्याले पनि आफू यहि सरोबरमा बसेको नागकन्या हुं भनिन । दुई जनाको बीच प्रेम भयो । विवाह गर्न नागकन्याका आमा बासित सोध्न गएको समय पोखरीका नागराज खुशी भए । नागराजाले शाक्य कुमारलाई एक अमूल्य बस्तु र तरवार एउटा दिएर भने, 'तिमी उड्यानका राजाकहां गई कपिलबस्तुदेखि यो उपहार दिन आएको भन्नु । उपहार लिइसकेपछि यो तरवारले काटेर त्यस दुष्ट राजालाई मारेर तिमी उड्यानका राजा हुनु ।' नागकन्यासित विवाह गरेर शाक्य कुमार उड्यानका राजाको दरवारमा गएर राजालाई भेटर त्यो अमूल्य उपहार दिए । त्यसै बेला तरवार निकालेर त्यस राजालाई मारेर राजा भए । शाक्यवंशी राजा मरी सकेपछि बुद्ध उड्यानमा आई नागवंशका रानी भेटेर उत्तराधिकारीको रूपमा राजा भएका छोरा उत्तरासेन बुद्धको आफ्नो नाता परेको हो, बुद्ध परिनिर्वाण हुने बेलामा अस्थि लिन पठाईदिनु भनेर आज्ञा भएको कुरा लेखिएको छ । पछि उत्तरासेन बुद्धको अस्थि लिन कुशिनगर पुगेर अस्थि लगी नगरहरामा स्तूप बनाई राखेको भनिएको छ ।

हिमतल राज्य कपिलबस्तुबाट आएका चारमध्ये एकजनाले स्थापना गरेको हो । हिमतलका पहिलो शाक्यवंशी राजा वीर र पुरूषार्थवान रहेछ । शुंगलिंग पर्वतको पश्चिम क्षेत्रमा त्यस राजाको अधिनमा परेको रहेछ । पश्चिम सीमाना तुर्कि राज्यमा पर्छ । पछि शाक्यवंशी राजाहरूको अन्त्य भईसकेपछि हिमतलका साथै अन्दराब, खोस्त, कुण्दुज, मुन्जान, अहरेंग, राघ, किस्म, बोलोर, बडाखशान, यमगान, कुरान र तमस्थिति राज्य गरी २७ वटा राज्यमा विभाजन भए । तुर्किहरूले कब्जा गरिसकेपछि यसलाई तुखारराज्य भनिएको हो । ह्वेनशांगको वर्णन अनुसार तुखार



Downloaded from http://www.dhamma.digital

राज्यको सीमाना पूर्वमा शुंगलिंग पर्वत, पश्चिममा पर्सिया, दक्षिणमा हिन्दकुश र उत्तरमा फलामको ढोका (Iron Gates) अर्थात एक उच्च पहाडी भञ्ज्यांग पर्दछ । ओक्सस् नदि तुखारको बीचबाट पश्चिम तिर बगिरहेको छ ।

हिमतल राज्य पहाड र उपत्यकाबाट भरिपूर्ण छ । हावापानी अलिक चिसो छ । त्यहांको मानिसहरूले ऊनी र छालाको लुगा लगाउँछ । गहुँ र फलफुल प्रसस्त मात्रामा फल्छ । ह्वेनशांग त्यहां पुग्दा त्यहां शाक्यवंशी मानिसहरु लोप भईसकेको थियो । ह्वेनशांगको काश्मीरयात्राको वर्णनमा राजा कनिष्क मरीसकेपछि कृत्तिय जातिले शासन गरे । कृत्तियहरूले बुद्ध धर्म नष्ट गर्ने र भिक्षुहरूलाई निकाला गर्ने गर्‍यो । यो कुरा सुनेर हिमतलका राजाले तीन हजार सैनिकहरु सहित हमला गरेको थियो । कृत्तिय राजाको टाउँको काटेर राजगद्दीमा बसी त्यहां रहेका भारदारहरूलाई आदेश भयो कि 'म तुखारका हिमतल राज्यको राजा हु । निम्न जातका कृत्तिय राजाले यहां जनतालाई अत्याचार गरिरहेको छ भन्ने सुनेर त्यसलाई सजाय दिन आएको हुं । यहाँका जनता असल छन् ।' अनि देशबाट निकाला भएका भिक्षुहरूलाई बोलाई ल्याए । त्यहां एक संघाराम बनाई पहिले भैं शान्तपूर्वक मानिसहरूले जीवन ब्यतित गरे । यो घटना बुद्ध परिनिर्वाण भएको छ सय वर्षको समयमा हो भनि लेखिएको छ । यसबाट के थाहा हुन्छ भने राजा कनिष्कले शासन गरिरहेको समयमा उक्त क्षेत्रमा शाक्यवंशी राजाहरूले राज्य गरिरहेको थियो ।

कपिलबस्तु छोडेर गएका चारजना शाक्यहरु मध्ये एक शाम्भि भन्ने राज्यको राजा भएको भनिएको छ । ह्वेनशांगको कथनअनुसारयो राज्य चित्राल नजिक छ । यो राज्य पनि पहाड र उपत्यकाले भरिपूर्ण रहेको छ । यहाँ गहुँ र अंगूरप्रसस्त फल्ने



Downloaded from http://www.dhamma.digital

गर्छ । यहांको हावापानी चिसो छ । यहांका मानिसहरु सोझा र सरल । यहाँ बोलिने भाषा फरक रहेतापनि लेखिने लिपि तुखारीहरु सित समान छ । तिनीहरुको लुगा पनि ऊनीकै हो । ह्वेनशांगले त्यहां दुईवटा संघाराम छ भनेको छ । शाम्भिको उत्तरपूर्वमा पामीरउपत्यका छ । पामी र उपत्यकाका बिच अनातप्तदह छ । त्यो एक नागपोखरी हो । यसलाई रावणह्रद पनि भनिन्छ ।

***मूल श्रोत ग्रन्थहरु***


*१. गोपाल राजवंशावली*
*२. मूलसर्वास्तिवाद विनयसूत्र*
*३. महावंश, श्रीलंका*
*४. दीपवंश, श्रीलंका*
*५. फाहियानया यात्रा वर्णन*
*६. ह्वनेशांगया यात्रा वर्णन*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital




प्रकाशकीय

भोलिको कुरा निर्धारणको निमित्त हिजोको कुरापनि थाहा पाउनु पर्ने हुन्छ। राष्ट्र निर्माण गर्न आफ्ना पूर्वजहरूले गरेका योगदान बुझ्न सकेमा आफ्ना जातीय गौरवमा भोलिका पुस्ताले शीर ठाडो पार्न सक्दछ। यही कुरालाई मनन् गर्दै नेपालका एक गौरवशाली जाति 'शाक्य'हरूको इतिहास बुझाउनको निमित्त डा. केशवमान शाक्यले अनेक अध्ययन अनुसन्धान पश्चात तयार गर्नु भएको 'शाक्य राज्यको उठान र पतन' पुस्तक प्रकाशित गरिएको छ। शाक्यहरूको विषयमा धेरै नै अध्ययन अनुसन्धान हुनु पर्ने सन्दर्भमा यो पुस्तक सानै आकारको भएतापनि महत्वपूर्ण रहेको छ।

पुस्तक प्रकाशनार्थ यस ईलोहं प्रकाशनलाई अभिभारा दिनु भएकोमा हार्दिक धन्यबाद।



लेखक

सन १९५१मा काठमाडौंको लगनमा जन्मनु भएको डा. केशवमान शाक्य भाषा, धर्म क्षेत्रमा अग्रणी कार्यकता हुनुहुन्छ। विभिन्न संघ संस्थामा आवद्ध रहनु भएका वहां लुम्विनी विकाष कोषमा उपाध्यक्ष रहनु भई शाक्यवंशी सिद्धार्थ गौतमको जन्मस्थल लुम्विनीको विकास र संरक्षणमा महत्वपूर्ण योगदान गर्नु भएको छ। नेपालभाषा साहित्यकार हाल वहां नेपाः राष्ट्रिय पार्टीका अध्यक्ष हुनुहुन्छ।

भाषा, धर्म र संस्कृति विषयक वहांका लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा निरन्तर प्रकाशित हुने गर्दछ।

प्रकाशक

ELOHAN PUBLICATIONS
सेतोदरबार, जमः, यें। फोन : ४२२०७३०
Email: elohanpublication@yahoo.com

Downloaded from http://www.dhamma.digital